**२०७८ साल पुष २५ गते आइतवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. समपूरक र विशेष अनुदानका विभिन्न १५ वटा आयोजनाहरुको प्रस्ताव स्वीकृत गरी राष्ट्रिय योजना आयोगमा पठाउन स्वीकृत गर्ने,

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा (दुई) २ जना हलुका सवारी चालकको अस्थायी दरबन्दी २०७९ असार मसान्त सम्म स्वीकृति गर्ने,

३. प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रशासन तथा विधेयक समितिमा छलफल गरी पुनः पेश गर्ने,

४. औधोगिक व्यवसाय सम्बन्धी प्रचलित प्रदेश कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पुनः पेश गर्ने,

५. ज्येष्ठ नागरिक राष्ट्रिय महासंघलाई रु. ५ (पाँच) लाख रकम सहयोग उपलब्ध गराउने,

६. प्रदेशमा ज्येष्ठ नागरिक सम्बन्धी व्यवस्था गर्न बन्ने विधेयक तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने,

७. प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयक मस्यौदाका लागि अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने,

८. ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदा सम्बन्धी मस्यौदा गर्न बन्नेको विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने,

९. प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयक तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने,

१०. सामाजिक व्यवहार (मर्यादित र व्यवस्थित) गर्ने सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको तर्जुमा सम्बन्धी अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने,

११. प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा कार्य संचालन) आदेश,२०७६ खारेज गर्ने,

१२. प्रदेश युवा परिषद्को स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था गर्न बन्ने विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने,

१३. आईसोलेसन अस्पतालहरुको सेवा निरन्तरता र अस्पतालमा कार्यरत जनशक्तिको करार म्याद २०७८ चैत्र मसान्त सम्म थप गर्ने,

१४. अस्पताल विकास समितिमा प्रदेश सरकारबाट मनोनित अध्यक्ष र सदस्यहरुलाई हटाउने,

१५. कोरोना भाइरस (कोभिड-१९) नियन्त्रण तथा उपचार कोषमा आवश्यक पर्ने रकम स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले माग गरेको आधारमा आर्थिक मामिला तथा सहकारी मन्त्रालयले उपलब्ध गराउने,

१६. कोभिड-१९ महामारीको रोकथाम नियन्त्रण, उपचार र व्यवस्थापनका सम्बन्धमा जिल्लागत अनुगमन गर्न देहाय बमोजिम अनुगमन समिति गठन गर्ने,

**देहायः-**

| | | |
|---|---|---|
| श्री डिल्लीबहादुर चौधरी | मन्त्री | पर्यटन,ग्रामीण तथा शहरी विकास मन्त्रालय, दाङ्ग |
| श्री कृष्णध्वज खड्का | मन्त्री | आर्थिक मामिला तथा सहकारी मन्त्रालय, प्युठान |
| श्री सहसराम यादव | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय, कपिलवस्तु |
| श्री विर बहादुर राना | मन्त्री | उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालय, गुल्मी |
| श्री सुरेन्द्र बहादुर हमाल | मन्त्री | वन,वातावरण तथा भू-संरक्षण मन्त्रालय, बाँके |
| श्री अजय शाही | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नवलपरासी |
| श्री रमा घर्ती | मन्त्री | कानून,महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,अर्घाखाची |
| श्री वसीउद्दीन खाँ | मन्त्री | शिक्षा,विज्ञान,युवा तथा खेलकुद मन्त्रालय, रुपन्देही |
| श्री सुमन शर्मा रायमाझी | मन्त्री | कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, बर्दिया |
| श्री पूर्मति ढेंगा | मन्त्री | श्रम रोजगार तथा यातायत व्यवस्था मन्त्रालय, पाल्पा |
| श्री बिमला कुमारी खत्री | राज्यमन्त्री | स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय, रुकुम पूर्व |
| श्री सुष्मा यादव | राज्यमन्त्री | आर्थिक मामिला तथा सहकारी मन्त्रालय, कपिलवस्तु |
| श्री रिना नेपाल वि.क. | राज्यमन्त्री | पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालय, रोल्पा |

१७. देहाय बमोजिम **मन्त्रिपरिषद् समिति** गठन गर्ने,

**देहाय**

**१.राजनैतिक समितिः**

क. मुख्यमन्त्री - संयोजक
ख. पर्यटन,ग्रामीण तथा शहरी विकास मन्त्री - सदस्य
ग. भौतिक पूर्वाधार विकास मन्त्री - सदस्य
घ. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री - सदस्य
ङ. कानून, महिला, लबालिका तथा ज्येष्ठ नागरिक मन्त्री - सदस्य
च. प्रदेश सरकारका प्रमुख सचिव - सचिव

**२.प्रशासन तथा विधेयक समितिः**

क. कानून,महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री - संयोजक
ख. आन्तरिक मामिला तथा सञ्चार मन्त्री - सदस्य
ग. स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्री - सदस्य
घ. वन, वातावरण तथा भू-संरक्षण मन्त्री - सदस्य
ङ. सचिव (बैठक तथा प्रशासन महाशाखा) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल - सचिव

**३.आर्थिक,सामाजिक तथा पूर्वाधार समितिः**

क. भौतिक पूर्वाधार विकास मन्त्री - संयोजक
ख. आर्थिक मामिला तथा सहकारी मन्त्री - सदस्य
ग. स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्री - सदस्य
घ. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय मन्त्री - सदस्य
ङ. शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय मन्त्री - सदस्य
च. श्रम, रोजगार तथा यातायत व्यवस्था मन्त्री - सदस्य
छ. कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्री - सदस्य
ज. सचिव (शासकीय सुधार तथा समन्वय महाशाखा) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सचिव